काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६६ | आइतवार, १५ चैत, २०८२ | Sunday, 29 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

आज अदालतमा मुद्दा पेश गरिदै :

पूर्व प्रधानमन्त्री र पूर्व गृहमन्त्री पक्राउले राजनीतिक वृत्तमा तरंग पैदा

काँक्रेविहार संवाददाता
सुर्खेत, १४ चैत

नेपाल कम्युनिस्ट पार्टी (एमाले) अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ गरेका छन् ।

उनीहरु पक्राउ परेको यो बिषयले देशको राजनीतिक वृत्तमा तरंग पैदा गरेको छ । सुरक्षा निकायका अनुसार संघीय सरकारको गृहमन्त्रालयको निर्देशनमा जेनजी आन्दोलनसँग सम्बन्धित विभिन्न आरोपका आधारमा दुवै नेतालाई पक्राउ गरिएको हो ।

पक्राउपछि उनीहरूलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित निकाय सक्रिय देखिएका छन् । तर ओली पक्राउ घटनाप्रति आपत्ति जनाउँदै रिहाईको माग सहित एमाले कार्यकर्ता देशभर विरोधमा उत्रिएका छन् । एमालेले यसलाई राजनीतिक प्रतिशोधपूर्ण कदम भनेको छ, भने कांग्रेसले पनि निष्पक्ष अनुसन्धानको माग गरेको छ ।

यसैबिच, दुबै जनालाई आइतबार अदालत पेस गरिने भएको छ । हिजो शनिबार अदालत बिदा भएकाले उनीहरूलाई प्रहरीले थुनामै राखेर अनुसन्धान गरेको हो । उनीहरुलाई प्रहरीको थुनामा राखेर अनुसन्धान गर्न जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँ हुँदै जिल्ला अदालत काठमाडौँमा पेस गरिने छ । प्रहरीले ओली र लेखक दुवै जनालाई २४ दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न मिल्ने कानुनी व्यवस्था छ ।

तर त्यसका लागि आइतबार नै जिल्ला अदालतले अनुमति दिनुपर्ने हुन्छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको घटनाको सत्यतथ्य बुझ्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वले दिएको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा प्रहरीले शनिबार बिहान ओली र लेखकलाई भक्तपुरबाट पक्राउ गरेको थियो ।

कार्की आयोगले लापरबाही र हेलचेक्र्याइँका कारण जेनजी आन्दोलनका क्रममा मानिसहरूको मृत्यु भएको भन्दै त्यसमा तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुडविरुद्ध अनुसन्धान गरी अभियोजन गर्न सिफारिस गरेको थियो । तर राजनीतिक विश्लेषकहरूले घटनाले मुलुकको समसामयिक राजनीतिमा थप तनाव सिर्जना गर्न सक्ने बताएका छन् ।

यसैबीच, मानवअधिकारकर्मीहरूले कानुनी प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्नेमा पनि जोड दिएका छन् । पक्राउको विरोध गर्दै शनिबार एमाले नेता कार्यकर्ताले देशभर विरोध प्रर्दशन गरेका थिए, भने काठ्माडौंमा उपत्यकामा स्थीति तनावग्रस्त बनेको थियो । ओली पक्राउ परेपछि एमाले कार्यकर्ताहरू आक्रोशित हुँदै सडकमा उत्रिएका थिए । अध्यक्षको गिरफ्तारीको विरोधमा एमालेका जनवर्गीय सङ्गठनहरूले काठमाडौंको बबरमहलस्थित जिल्ला अदालत अगाडि टायर बालेर प्रदर्शन सुरु गरेका थिए । आक्रोशित कार्यकर्ताले गाडीमाथि समेत तोडफोड गरेका छन् ।

एमाले सम्बद्ध २३ वटा जनवर्गीय सङ्गठनहरूले एकीकृत रूपमा माइतीघर मण्डलाबाट विरोध प्रदर्शन थालेका हुन् । प्रदर्शनकारीहरू निषेधित क्षेत्रतर्फ अघि बढ्न खोजेपछि प्रहरीले उनीहरूलाई रोक्ने प्रयास गरेको थियो । सो क्रममा प्रहरी र प्रदर्शनकारीबिच केही बेर ठेलमठेल हुनुका साथै स्थिति तनावपूर्ण बनेको थियो ।

एमालेका कार्यकर्ताहरूले जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन समेत जलाएका छन् । पार्टी अध्यक्ष ओली पक्राउको विरोधमा एमाले कार्यकर्ताहरूले पार्टी कार्यालय च्यासल बाहिर जाँचबुझ आयोगको प्रतिवेदन जलाएका हुन् । उनीहरुले वर्तमान सरकारले प्रतिशोध साध्न खोजको भन्दै आक्रोश व्यक्त गरेका थिए । राजनीतिक प्रतिशोध राखेर पक्राउ गरेको भन्दै एमाले सचिवालयले आन्दोलनको घोषणा गरेको हो ।

यता च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले समेत ओली र लेखकको पक्राउ गैरकानुनी भएको भन्दै तत्काल रिहाइ गर्न माग गरेको महासचिव शंकर पोखरेलले जानकारी बाँकी पृष्ठ ४



पक्राउ गर्ने निर्णयमा के थियो ?

शुक्रबार अपराह्न मन्त्रिपरिषद्को बैठकले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गऱ्यो । मन्त्रिपरिषद्ले जाँचबुझ आयोगको प्रतिवेदनको हकमा दुई बुँदे निर्णय गरेको थियो । निर्णयमा भनिएको छ, 'संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न देहाय बमोजिम गर्ने ।'

मन्त्रिपरिषद्ले त्यसक्रममा दुईवटा निर्णय गरेको थियो । पहिलो, उल्लिखित आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो समितिले पेश गर्ने सिफारिसबमोजिम गर्ने ।'

मन्त्रिपरिषद्ले त्यही प्रतिवेदनमा 'अन्यका हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने' भनी दोस्रो निर्णय पनि गरेको थियो । मन्त्रिपरिषद्को पहिलो निर्णय कार्यान्वयन गर्न तत्काल नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गृह मन्त्रालयमा पत्र पठाएको थियो ।

मन्त्रिपरिषद्को निर्णय पाउनासाथ गृहमन्त्री सुदन गुरुङले अर्को निर्णय गरे । उनले शुक्रबार नै गरेको निर्णयमा भनिएको छ, 'नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको उल्लिखित निर्णयको कार्यान्वयन गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई आयोगको सिफारिस कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने ।'

गृह मन्त्रालयले मन्त्री गुरुङको निर्णयसहित मन्त्रिपरिषद्को निर्णय तत्काल प्रहरी प्रधान कार्यालयमा पठायो । निर्णयका साथमा जाँचबुझ आयोगको प्रतिवेदन समेत पठाइएको थियो ।

गृहले प्रहरी हेडक्वाटरमा पठाएको पत्रमा भनिएको छ, 'नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको उल्लिखित निर्णयको कार्यान्वयन गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई आयोगको सिफारिस कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनका लागि मन्त्रिपरिषद्बाट प्राप्त आयोगको प्रतिवेदन यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८२ चैत १३ गते को मन्त्रिस्तरीय निर्णय अनुसार अनुरोध छ ।'

त्यो पत्रमा 'आवश्यक कारबाही सम्बन्धमा' भन्ने उल्लेख छ । उसले नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकको निर्णयलाई आधार बनाएको छ । गृह मन्त्रालयका शाखा अधिकृत आनन्दवंश बाँकी पृष्ठ ४

तरकारी खेतीबाट उल्लेखनीय सफलता

काँक्रेविहार संवाददाता
दैलेख, १४ चैत

दैलेखको डुङ्गेश्वर गाउँपालिका २ लाकुरीका कृषक इन्द्र बहादुर बिष्ट व्यावसायिक तरकारी खेतीमा सक्रिय हुँदै राम्रो आम्दानी गर्न सफल भएका छन् । कृषि पेशालाई नै मुख्य आयस्रोत बनाएका बिष्टले अन्जना कृषि तथा पशुपक्षी फर्म सञ्चालन गरी तरकारी खेतीबाट उल्लेखनीय सफलता हासिल गरेका हुन् ।

कृषक बिष्टले यस वर्ष करिब ३ रोपनी क्षेत्रफलमा आलु खेती गरेका थिए । उक्त खेतीबाट करिब २५ क्विन्टल आलु उत्पादन भएको उनले बताए । उत्पादित आलु बिक्रीबाट करिब २ लाख २५ हजार रुपैयाँ आम्दानी भएको र सबै खर्च कटाएपछि करिब १ लाख ८० हजार रुपैयाँ खुद नाफा गर्न सफल भएको बिष्टको भनाइ छ ।

यसैगरी उनले ५ रोपनी जमिनमा काउली र बन्दा खेती पनि गरेका छन् । उक्त खेतीबाट करिब १० क्विन्टल उत्पादन भएको र बिक्रीबाट करिब १ लाख ५० हजार रुपैयाँ आम्दानी भएको उनले जानकारी दिए ।

कृषि क्षेत्रमा नयाँ अभ्यास अपनाउँदै बिष्टले डुङ्गेश्वर गाउँपालिकामै पहिलो पटक गडौला मल (भर्मीकम्पोस्ट) उत्पादन सुरु गरेका छन् । गडौला मल प्रयोग गर्दा माटोको उर्वराशक्ति बढ्ने, उत्पादन गुणस्तरीय हुने र रासायनिक मलको प्रयोग घटाउन मद्दत पुग्ने भएकाले यसको प्रयोग विस्तार गर्ने योजना रहेको उनले बताए ।

स्थानीय स्तरमै आधुनिक तरिकाले तरकारी खेती गर्दै राम्रो आम्दानी लिन सकिने उदाहरण बिष्टले प्रस्तुत गरेका छन् । उनका अनुसार कृषि क्षेत्रमा मेहनत, योजना र प्रविधिको प्रयोग गर्न सके गाउँमै बसेर पनि आत्मनिर्भर बन्न सकिन्छ ।

स्थानीय बासिन्दाले समेत बिष्टको प्रयासलाई उदाहरणीय मानेका छन् ।

कृषिमा सम्भावना देखाउँदै उनले अन्य कृषकलाई पनि व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित गरिरहेका छन् । कृषि पेशालाई सम्मानित र आयआर्जनको भरपर्दो माध्यम बनाउन यस्ता सफल कृषकहरूको भूमिका महत्वपूर्ण हुने स्थानीयको भनाइ छ ।

दैलेखमा भीषण असिनापानीले करोडौँको अन्नबाली नष्ट

काँक्रेविहार संवाददाता
दैलेख, १४ चैत

दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिकामा शुक्रबार साँझ परेको भीषण असिनाले करोडौँ रुपैयाँ बराबरको अन्नबालीमा क्षति पुऱ्याएको छ । करिब तीन घण्टासम्म लगातार परेको असिनाले पाक्नै लागेको गहुँ, जौ, केराउ, तोरीलगायतका बाली पूर्ण रूपमा नष्ट भएको चामुण्डाबिन्द्रासैनी नगरपालिका ३, चाम्रेकोटका स्थानीय तिलक तिमील्सेनाले बताएका छन् ।

स्थानीयका अनुसार असिना झण्डै एक फिटसम्म जमेको थियो, जसका कारण खेतबारीमा लगाइएको बाली पूरै थिचिएर नष्ट भएको छ । साथै सुन्तला, कागतीलगायतका फलफूलका बोटबिरुवामा समेत ठूलो क्षति पुगेको छ । स्थानिय धेरै कृषकहरूले वर्षभरको मेहनत एकैछिनमा सकिएको भन्दै चिन्ता व्यक्त गरेका छन् । नगरपालिकाका वडा नम्बर १, २ र ३ मा व्यापक क्षति पुगेको भए पनि वडा नम्बर ३ सबैभन्दा बढी प्रभावित भएको छ । स्थानीय तिमिल्सेनाका अनुसार भित्र्याउने तयारीमा रहेका बाली नष्ट हुँदा खाद्यान्न संकटको जोखिम बढेको छ । भित्र्याउने बेला भएको बाली सबै सखाप भयो, अब के खाने भन्ने चिन्ता छ, उनले भने,

यस्तै अर्को कृषक मदन सापकोटाका अनुसार यस वर्ष उत्पादन राम्रो हुने अपेक्षा गरिएको थियो, तर असिनाले एकैचोटि सबै आशा समाप्त पारेको छ । बारीमा लगाइएको अन्न मात्र होइन, फलफूल तथा तरकारी बाली पनि नष्ट हुँदा समग्र कृषि क्षेत्रमा ठूलो आर्थिक क्षति पुगेको आँकलन गरिएको छ । सापकोटाका अनुसार करोडौँ रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । तर, अहिलेसम्म कुनै पनि सरकारी निकायबाट औपचारिक क्षतिको मूल्याङ्कन हुन सकेको छैन । असिनापछि किसानहरू राहत र क्षतिपूर्तिको अपेक्षामा रहेका छन् । यता चाम्रेकोटका स्थानीयहरुले सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै तत्काल स्थलगत अध्ययन, क्षतिको मूल्याङ्कन र राहत वितरणको माग गरेका छन् । समयमै सहयोग नपुगे आगामी दिनमा खाद्यान्न अभावसँगै आर्थिक संकट भन् गहिरिने उनीहरूको चिन्ता छ । यस घटनाले प्राकृतिक विपत्तिले ग्रामीण कृषि प्रणाली कति असुरक्षित छ भन्ने पुनः उजागर गरेको छ ।



मौरी बचाउन न्युटन 'बी' घार

काँक्रेविहार संवाददाता
जुम्ला, १४ चैत

चन्दननाथ-४ का नारायण चौलागाईं ४० वर्षदेखि मौरी पालनमा सक्रिय छन् । उनले रेखदेख, संरक्षणदेखि किसानलाई मौरी पालनका लागि हौसला प्रदान गर्दै आएका छन् ।

'मौरी पालनका लागि कर्णालीको भूगोल उपयुक्त छ,' उनले भने, 'तर, परम्परागत तरिकाले मौरी हुर्काउँदा सोचेजस्तो प्रगति हुन सकिरहेको छैन ।'

पुर्खाले अपनाएको तरिका अध्ययन गरिसकेका उनी अहिले चलनचल्तीको मौरीपालन अवस्थाबारे बुझिरहेका छन् । भविष्यमा मौरीपालनमा अपनाउन सकिने नयाँ सीपका बारेमा अध्ययन गरिरहेको उनले बताए । आफ्नो घरवरिपरि मौरीपालन गरेका छन् । उनको आँगनभित्र छिर्नेबित्तिकै मौरीको भुनभुन सुनिन्छ । उनले परम्परागत मुढे, जुम्ला टपबार, जुम्ला नयाँ टपबारदेखि न्युटन 'बी' घारमा मौरी पालिरहेका छन् । जुम्ला टपबार र जुम्ला नयाँ टपबार घार उनले बनाएका हुन् । अहिले यी घार अन्य मौरी पालकसम्म पुगिसकेका छन् । पहिले मुढेघारबाट मौरीपालन थालेका उनले जुम्ला टपवार घार आफैं बनाएका हुन् । यस घारमा मौरी पालन राम्रो भएपछि नयाँ जुम्ला टपबार निर्माण गरेको उनले बताए मौरी बचाउने उद्देश्यले नयाँ घार बनाएको उनको भनाइ छ ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

खेलकुद गतिविधिले गति लेओस्

कर्णाली प्रदेशको खेलकुद क्षेत्र लामो समयदेखि नेतृत्वविहीन अवस्थाबाट गुज्रँदै आएको यथार्थ अब अन्ततः अन्त्यतिर उन्मुख देखिन्छ । कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिव पदमा रवीन्द्र चन्द ठकुरीको नियुक्तिसँगै स्थगित जस्तै बनेका गतिविधिहरूले पुनः गति लिने अपेक्षा गरिएको छ । तर, केवल नियुक्ति मात्रले खेलकुद क्षेत्रका गहिरा समस्या समाधान हुने होइन । यसले सुरूवात मात्र संकेत गरेको हो । १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता पटक-पटक सर्दै जानु कर्णालीको खेलकुद व्यवस्थापनको कमजोरीको स्पष्ट उदाहरण हो । खेलकुद जस्तो अनुशासन, योजना र निरन्तरतामा आधारित क्षेत्र राजनीतिक असहमति र भागबण्डाको चपेटामा पर्दा यसको प्रत्यक्ष असर खेलाडी, प्रशिक्षक र समग्र संरचनामा पर्छ । विगत डेढ वर्षसम्म परिषद्को नेतृत्व रिक्त रहनु कुनै सामान्य प्रशासनिक कमजोरी होइन, यो नीति निर्माणदेखि कार्यान्वयनसम्मको गम्भीर अवरोध हो । राजनीतिक दलहरूबीच सहमति नजुट्दा एउटा महत्त्वपूर्ण संस्थालाई निष्क्रिय बनाइयो । यसले केवल कार्यक्रमहरू ढिला भएनन्, खेलकुदप्रति युवापुस्ताको भरोसा समेत कमजोर बनायो । खेलकुदलाई राजनीतिक भागबण्डाको साधन बनाउने प्रवृत्तिले दीर्घकालीन रूपमा राष्ट्रको खेलकुद भविष्यलाई नै जोखिममा पार्ने खतरा राखेको थियो ।

अब नयाँ नेतृत्व आएको छ । रवीन्द्र चन्द ठकुरीको पृष्ठभूमि हेर्दा उनी व्यवस्थापन, प्राविधिक ज्ञान र अन्तर्राष्ट्रिय अनुभवले सम्पन्न व्यक्ति देखिन्छन् । तर चुनौती पनि कम छैन । खेलकुद पूर्वाधारको अभाव, बजेटको प्रभावकारी उपयोग, प्रतिभा पहिचान र उत्पादन, तथा प्रतियोगिताहरूको नियमितता सुनिश्चित गर्नु उनका लागि प्राथमिक कार्य हुनुपर्छ । नवनियुक्त सदस्य सचिव ठकुरीले पदभार ग्रहण गरेसँगै परिषद्को कामकारबाहीले गति लिने अपेक्षा गरिएको छ । खेलकुद क्षेत्रको विकास, पूर्वाधार विस्तार तथा खेलाडी उत्पादनमा परिषद्को भूमिका महत्वपूर्ण रहने भएकाले अबका दिनमा ठोस कार्यक्रम ल्याउने चुनौती उनको सामु रहेको छ । २०८१ साल पुस महिनादेखि रिक्त रहेको उक्त पद पूर्व सदस्य सचिव विश्वामित्र सञ्यालको कार्यकाल सकिएपछि खाली भएको थियो । त्यसयता करिब डेढ वर्षसम्म विभिन्न राजनीतिक दलहरूबीच सहमति जुट्न नसक्दा नियुक्ति प्रक्रिया अघि बढ्न सकेको थिएन । कर्णाली प्रदेश सरकारकै सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच भागबण्डा नमिल्दा नियुक्ति लामो समयसम्म अन्योलमा परेको थियो । पछिल्लो समय दुई दलबीच सहमति जुटेपछि सदस्य सचिव नियुक्तिको बाटो खुलेको हो ।

विशेषगरी कर्णाली जस्तो भौगोलिक रूपमा विकट प्रदेशमा खेलकुद विकास केवल नीतिगत निर्णयले मात्र सम्भव हुँदैन । यसका लागि स्थानीय तहसम्म पुग्ने दीर्घकालीन रणनीति आवश्यक हुन्छ । विद्यालयस्तरदेखि राष्ट्रियस्तरसम्मको स्पष्ट खेलकुद नीति निर्माण नगरी खेलाडी उत्पादनको कुरा गर्नु केवल नारामात्र हुनेछ । यससँगै, खेलकुदलाई व्यावसायिक बनाउनेतर्फ पनि ध्यान दिन जरूरी छ । प्रायोजन, प्रसारण अधिकार, र निजी क्षेत्रको सहभागिता बढाउने विषयमा ठोस योजना ल्याउन सके मात्र खेलकुद दिगो बन्न सक्छ । अन्यथा, सरकारी बजेटमा मात्र निर्भर रहँदा विकासको गति सधैं सीमित रहनेछ । सरकारले पनि अब आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । नियुक्ति गरेर मात्र कर्तव्य पूरा हुँदैन । नीति, स्रोत र निरन्तर समर्थन आवश्यक हुन्छ । साथै, भविष्यमा यस्ता पदहरू लामो समयसम्म रिक्त रहने अवस्था दोहोरिन नदिन स्पष्ट र पारदर्शी प्रक्रिया विकास गर्नुपर्छ । यो नियुक्ति कर्णालीको खेलकुद क्षेत्रका लागि अवसर हो । तर परीक्षा पनि हो । यदि नयाँ नेतृत्वले परिणाममुखी काम गर्न सक्यो, राजनीतिक हस्तक्षेप न्यून भयो र सरोकारवाला सबै पक्षबीच सहकार्य बढ्यो भने मात्र खेलकुद गतिविधिले साँच्चिकै गति लिनेछ । अन्यथा, यो पनि केवल अर्को सुरूवातमै सीमित हुने खतरा रहन्छ । त्यसैले अब सबै निकायको सहयोगमा खेलकुद गतिविधिले गति लेओस् ।

फौजी एक्सन :

महाशुद्धीकरणको आरम्भ कि राजनीतिक प्रतिशोध ?



✍ जितेन्द्र जिसी

सरकार गठन भएको २४ घण्टा नबित्दै नेपाली राजनीतिको एउटा विशाल र शक्तिशाली मानिएको स्तम्भमाथि एक्सन भएको छ । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र उनकै क्याबिनेटमा गृहमन्त्री रहेका रमेश लेखकको नाटकीय र अप्रत्याशित पक्राउले देशमा एउटा सनसनी सिर्जना गरेको छ ।

भदौ २३ को कठोर दमन र त्यसपछि बुनिएका अनेकन राजनीतिक तथा सुरक्षा भाष्यहरूको जगमा उभिएर नयाँ सरकारले जुन डेलिभरीको फौजी एक्सनको शैली अपनाएको छ, यसले वर्षौंदेखि सुशासनको तिर्खामा तड्पिएका नागरिकमा एकातिर आशा र उत्साहको सञ्चार गरेको छ भने अर्कोतिर यो कदम केवल राजनीतिक प्रतिशोधको शृङ्खला मात्रमा सीमित हुने त होइन भन्ने गम्भीर संशय पनि उब्जाएको छ ।

यो घटना केवल दुई उच्चपदस्थ व्यक्तिको पक्राउ मात्र होइन, यो ८० वर्षदेखि जरा गाडेर बसेको दण्डहीनता, शक्ति-उन्माद र राज्य दोहनविरुद्धको प्रस्थानविन्दु बन्नुपर्छ । तर, यसलाई साँचो अर्थमा महाशुद्धीकरण बनाउने हो भने सरकारले सुरक्षा, कानुन र न्यायका अकाट्य तथ्यहरूलाई स्पष्टसँग स्थापित गर्न सक्नुपर्छ । २०४६ सालयताका सम्पूर्ण भ्रष्टाचारका फाइलहरूलाई विना भेदभाव च्यात्ने साहस गर्नुपर्छ ।

भदौ २३ को यथार्थ र सार्वभौम संसद्को सुरक्षा मर्यादा

केपी ओली र रमेश लेखकको पक्राउको पृष्ठभूमिमा जोडिएको भदौ २३ को आन्दोलन र दमनलाई हामीले दुईवटा अलग, अलग चस्माबाट हेर्नुपर्छ । लोकतन्त्रमा नागरिकको शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने अधिकार अहरणीय छ । तर, जब त्यो आन्दोलन वा भीड राज्यको सर्वोच्च र सार्वभौम संस्था- संसद् भवन- तर्फ अनियन्त्रित रूपमा अगाडि बढ्छ, तब राज्यको सुरक्षा संयन्त्रले आफ्नो निर्धारित प्रोटोकल पालना गर्नैपर्ने हुन्छ ।

यसमा दुईवटा अकाट्य तथ्यहरू भुल्न सकिँदैन । पहिलो तथ्य संसद् भवन आम सडक होइन । यो देशको सार्वभौमसत्ताको मुटु हो । जहाँ बहालवाला सांसदहरूलाई समेत प्रवेशमा निश्चित मर्यादा छ । र बाह्य व्यक्तिको प्रवेशका लागि सभामुखको पूर्वअनुमति अनिवार्य हुन्छ । त्यस्तो अति संवेदनशील क्षेत्रमा अनियन्त्रित भीड वा कुनै समूहले आक्रमणको शैलीमा प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीले मुकदर्शक बनेर बस्न मिल्दैन । दोस्रो तथ्य चाहे त्यो जेन जी आन्दोलनकारी होऊन् वा अरू कोही, संसद्को घेरा तोडिने अवस्था आउँदा ड्युटीमा खटिएका सुरक्षाकर्मी वा अन्य कुनै अधिकृतले आफ्नो ज्यानको बाजी राखेर भए पनि कर्तव्य पालना गर्नुपर्छ । राज्यको अन्तिम रक्षा पंक्ति भनेकै सुरक्षाकर्मी हुन् । त्यहाँ भएको त्यही हो- उनीहरूले आफ्नो संस्थागत दायित्व र 'चेन अफ कमान्ड' को पालना गरे ।

त्यसैले, संसद्को सुरक्षामा खटिएका सुरक्षाकर्मीमाथि दोष थोपरेर वा उनीहरूको मनोबल गिराएर लोकतन्त्र बलियो हुँदैन । सुरक्षाकर्मीको एक्सन कर्तव्य पालन थियो । तर, तत्कालीन सरकारले त्यो परिस्थितिलाई जसरी राजनीतिक स्वार्थका लागि प्रयोग गऱ्यो वा दमनको जुन भाष्य खडा गऱ्यो, त्यसको कानुनी र राजनीतिक जवाफदेहिता उनीहरूले नै लिनुपर्छ ।

यसको अर्थ यो होइन कि उनीहरूलाई विनाप्रमाण थुन्न पाइन्छ । उनीहरूमाथि लागेका कुशासन, भ्रष्टाचार वा दमनका जे जति आरोपहरू छन्, त्यसको निरूपण सडकको भीडले होइन, विशुद्ध अदालती र कानुनी प्रक्रियाबाट हुनुपर्छ । नयाँ सरकारले जसरी फौजी एक्सनको शैलीमा २४ घण्टामै उनीहरूलाई हिरासतमा लियो, त्यसले डेलिभरीको भोक त शान्त पार्ला, तर अदालतमा तथ्य र प्रमाणको कसीमा खरो उत्रिन सकेन भने यो एक्सन नयाँ सरकारकै लागि पासो बन्न सक्छ । अब राज्यले सुरक्षाको मुद्दा, राजनीतिक र आर्थिक अपराधको मुद्दालाई स्पष्ट रूपमा अलग गरेर कानुनी बाटोबाटै निरूपण गर्नुपर्छ ।

२०४६ पछिको पाप र गगन थापाको प्रस्ताव

यो २४ घण्टे एक्सनले नागरिकमा व्याप्त चरम निराशालाई तत्कालका लागि सम्बोधन त गरेको छ, तर के यो एउटा इभेन्ट मात्र हो वा निरन्तर चल्ने प्रक्रिया सरकार यहाँनेर अत्यन्तै चनाखो हुनैपर्छ । यदि केपी ओली र रमेश लेखकलाई मात्र जेलमा कोचेर सरकारले आफूलाई सुशासनको मसिहा घोषणा गर्छ भने, त्यो इतिहासकै सबैभन्दा ठूलो ढोंग र राजनीतिक प्रतिशोध मात्र ठहरिनेछ ।

नेपाली कांग्रेसका सभापति गगन थापाले संसद् र सार्वजनिक मञ्चहरूमा बारम्बार उरालेको र नागरिकले अनुमोदन गरेको एउटा प्रस्ट माग छ- '२०४६ सालयता सत्ता र शक्तिमा बसेका र उनीहरूका निकटस्थ बनेर अकुत सम्पत्ति कमाएका सबैको निर्मम सम्पत्ति छानबिन हुनुपर्छ ।'

अब नयाँ सरकारले यो २४ घण्टे फौजी एक्सनको दायरालाई विस्तार गरेर नेपालको छातीमा कोरिएका भ्रष्टाचारका प्रत्येक कालो धब्बाहरूको अनुसन्धान गर्नुपर्छ । कानुनको छिद्रमा टेकेर, मन्त्रिपरिषद्का नीतिगत निर्णयको आवरणमा देशलाई कङ्गाल बनाउने माफिया र राजनेताहरूको जालो नभत्काएसम्म कुनै पनि शुद्धीकरणले पूर्णता पाउँदैन ।

यहाँ ती ठूला काण्डहरूको फेहरिस्त छ, जसले राज्यसत्ता कतिसम्म भ्रष्ट र दोहनकारी थियो भन्ने प्रमाणित गर्छन् । यी सबै काण्डका नाइकेहरूलाई ठीक यही शैलीमा, २४ घण्टाभित्रै पक्राउ गरेर अनुसन्धानको दायरामा ल्याउनुपर्छ ।

स्वास्थ्यमाथिको व्यापार : कोभिडको विश्वव्यापी महामारीमा नागरिकहरू अक्सिजन र सिटामोल नपाएर छटपटाइरहेका बेला राज्यकै उच्च अधिकारीहरूको मिलेमतोमा भएको ओम्नी स्क्यान्डल मानवताविरुद्धको अपराध थियो । यसको फाइल तत्काल खोलिनुपर्छ ।

हवाई माफियाको सञ्जाल : नेपाल वायुसेवा निगमलाई डुबाउने लाउडा र धमिजा काण्डदेखि अर्बौंको कमिसन खाइएको वाइडबडी काण्डसम्म । अनि, देशलाई दीर्घकालीन ऋणको पासोमा फसाउने र भूराजनीतिक क्रीडास्थल बनाउने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको भ्रष्टाचार, यी सबैको जरैदेखि अनुसन्धान हुनुपर्छ ।

राज्यको सम्पत्ति दोहन : कानुन नै परिवर्तन गरेर भूमाफियालाई राज्यको सम्पत्ति सुम्पिएको गिरीबन्धु टी-स्टेट काण्ड, प्रधानमन्त्री निवासकै जग्गा व्यक्तिका नाममा गर्ने बालुवाटारीस्थत ललिता निवास काण्ड, र कौडीको भाउमा नेपाल ट्रस्टको सम्पत्ति यती होल्डिङ्सलाई सुम्पिएको थामसेर्कु ट्रेकिङ र गोकर्ण रिसोर्ट लिज प्रकरण अनि ऐतिहासिक लिची बगैंचा मास्ने शृङ्खला ।

यी केवल जग्गा हिनामिना होइनन्, यी राज्य कब्जाका ज्वलन्त उदाहरण हुन् ।

मानव तस्करी र राष्ट्रघात आफ्नै देशका नागरिकलाई अनागरिक बनाएर अमेरिका बेच्न खोज्ने नक्कली भुटानी शरणार्थी प्रकरण । यसले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको शिर निहुराएको छ । त्यस्तै, गरिब युवाहरूलाई खाडीमा बिचल्ली बनाउने भिजिट भिसा सेटिङ प्रकरण अर्को डरलाग्दो खेल हो ।

प्राविधिक र सञ्चार भ्रष्टाचार मन्त्री र सचिवहरूको प्रत्यक्ष संलग्नतामा भएको टेरामक्स स्क्यान्डल र कमिसनका लागि देशलाई वर्षौंसम्म बन्धक बनाएको सेक्युरिटी प्रिन्टिङ प्रेस काण्ड ।

सञ्चठित सुन र भेप तस्करी त्रिभुवन विमानस्थलको भन्सार छलेर क्विन्टलका क्विन्टल सुन भित्र्याउने सुन काण्ड र राजनीतिक नेतृत्वकै परिवारको संलग्नता रहेको भेप प्रकरण ।

यी प्रकरणहरू केवल समाचारका शीर्षक होइनन् । यी त नेपाल आमाको छातीमा हानिएका छुराहरू हुन् । नयाँ सरकारले केपी ओलीलाई जसरी गिरफ्तार गऱ्यो, अब त्यही हतकडी ओम्नी, वाइडबडी, र भुटानी शरणार्थी काण्डका योजनाकारहरूको हातमा पनि लाग्नुपर्छ । यदि त्यसो भएन भने यो फौजी एक्सन केवल एउटा गुटले अर्को गुटलाई सिध्याउने ग्याङवारमा परिणत हुनेछ ।

लोकतन्त्रका धमिराहरूको अन्त्य

नेपालको लोकतन्त्रलाई माओवादीको हिंसा वा राजाको 'कू'ले भन्दा बढी क्षति कसले पुऱ्यायो भनेर इतिहासको निर्मम समीक्षा गर्ने हो भने, एउटा भयानक यथार्थ अगाडि आउँछ । त्यो हो- सत्ताको छहारीमा हुर्किएको कम्प्राडोर पुँजीवाद र आसेपासे संयन्त्र । यसको सबैभन्दा ज्वलन्त र घृणित रूप भनेको आरजु देउवा र प्रकाश देउवा मार्का प्रवृत्ति हो ।

यिनीहरू ती पात्र हुन्- जसले न त कहिल्यै जनताको म्यान्डेटबाट राज्यसत्ता चलाउने नैतिक अधिकार प्राप्त गरे, न त उनीहरूसँग कुनै कानुनी जवाफदेहिता नै थियो । तर, सत्ताको केन्द्र बालुवाटार वा मन्त्री क्वार्टरमा बसेर प्रहरीको सरुवा९बढुवादेखि खर्बौंका ठेक्कापट्टा र भूटानी शरणार्थीजस्ता मानव तस्करीका सेटिङहरूसम्म उनीहरूकै इसारामा चले । यस्ता मानिसहरू लोकतन्त्रका असली धमिरा हुन् । यिनीहरू बाहिर देखिँदैनन्, तर भित्रभित्रै राज्यका संस्थाहरूलाई खोक्रो बनाइदिन्छन् ।

जबसम्म कानुनको हातले यी धमिराहरूको घाँटी अँठ्याउँदैन, तबसम्म नेपालमा विधिको शासन स्थापना हुन सक्दैन । यदि नयाँ सरकारले केपी ओलीलाई जेलमा हाल्ने तर आरजु देउवा, प्रकाश देउवा, वा बालकृष्ण खाण, टोपबहादुर रायमाझीहरूलाई जोगाउने नीति लियो भने त्यो नै यो सरकारको चिहान खन्ने सबैभन्दा ठूलो भूल हुनेछ । कानुनको नजरमा पूर्वप्रधानमन्त्री र प्रधानमन्त्रीकी पत्नी वा सालो भन्ने कुनै विशेषाधिकार हुँदैन । नयाँ सरकारले लोकतन्त्रलाई यी धमिराहरूबाट मुक्त गर्न उनीहरूलाई खोजी९खोजी नसिहत दिनुपर्छ । जसले राज्यसत्तालाई आफ्नो प्राइभेट कम्पनीजस्तो बनाएर देशलाई कङ्गाल बनाए, उनीहरूले अब कानुनको लौरो कति कडा हुन्छ भन्ने अनुभूति गर्नैपर्छ ।


अन्तर्राष्ट्रिय दृष्टान्त र राज्य सञ्चालनको दर्शन

विख्यात ग्रिक दार्शनिक प्लेटोले आफ्नो कालजयी कृति 'द रिपब्लिक'मा न्यायको परिभाषा दिँदै भनेका छन्- 'न्याय भनेको बलियाको हित मात्र होइन, न्याय त्यो हो जसले राज्यको आत्मालाई सन्तुलनमा राख्छ ।' त्यस्तै, कानुन र न्यायको विश्वव्यापी सिद्धान्तले भन्छ- ' न्याय गरेर मात्र पुग्दैन, न्याय भएको देखिनु पनि पर्छ ।'

नयाँ सरकारले लिएको यो आक्रामक बाटो विश्व कूटनीति र राजनीतिमा नौलो भने होइन । जब राज्य गहिरो दलदलमा फस्छ, तब त्यसलाई निकाल्न कठोर र निर्मम शल्यक्रिया आवश्यक हुन्छ । हामीले केही अन्तर्राष्ट्रिय दृष्टान्तहरूबाट सिक्न सक्छौं ।

दक्षिण कोरियामा विधिको शासन कति शक्तिशाली छ भन्ने कुरा त्यहाँका पूर्वराष्ट्रपतिहरूको हविगतले देखाउँछ । भ्रष्टाचार र शक्तिको दुरुपयोगको आरोपमा पूर्वराष्ट्रपतिहरू ली म्युङ बाक र पार्क ग्युन हेलाई पक्राउ गरी जेलमा कोचियो । के उनीहरूलाई जेल हाल्दा कोरियाको लोकतन्त्र कमजोर भयो रु अहँ, भएन । बरु कोरियाली जनताले कानुनको शासनमाथि अझ बढी विश्वास गर्न थाले र कोरिया विश्वकै एक बलियो अर्थतन्त्र र प्रजातान्त्रिक देशका रूपमा उभिइरह्यो । पेरु र रोमानियाको एन्टी करप्सन क्रुसेड सु पेरुमा भ्रष्टाचारको आरोपमा विगतका चार-चार जना पूर्वराष्ट्रपतिहरू जस्तै- अलेहान्द्रो टोलेडो, पेड्रो पाब्लो कुचिन्स्की एकैपटक जेल वा नजरबन्दमा परे ।

नयाँ सरकार गठन र साइतले दिएको सन्देश



वर्तमान सरकार गठनसँगै मुलुक नयाँ युगमा प्रवेश गरिएको आकलन गर्न थालिएको छ । हिजो शुक्रवार राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) शाहलाई प्रधानमन्त्री पदका लागि गराएको शपथसँगै १५ सदस्यीय मन्त्रिमण्डल गठन गरेर कार्यभार सुम्पेका छन् । अब सिंहदरबारमा छरितो सत्र्यासँगै नयाँ जोश र जाँगर लिएर नयाँ अनुहार पुगेका छन् ।

जेनजी आन्दोलनपछि मुलुकमा अन्योलको वातावरण सिर्जना भएको थियो । सबैको मनमा अब के हुने हो भन्ने एक किसिमको भय र त्रास थियो । निर्वाचनका लागि अन्तरिम सरकार गठन भए पनि सबैका मनमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने नै थियो । यहाँसम्म कि स्वयं निर्वाचनमा भाग लिने दलहरूसमेत निर्वाचन हुन्छ भन्नेमा विश्वस्त हुन सकिरहेका थिएनन् तर, अन्तरिम सरकारले निर्धारित मितिमै भयरहित वातावरणमा निस्पक्षरूपले निर्वाचन सम्पन्न गरी दायित्व पूरा गऱ्यो ।

निर्वाचनमा भाग लिने दलहरूमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुईतिहाइ (१८२) सिटमा विजय हासिल गरी नयाँ इतिहास रच्यो । पार्टी गठन भएको करिब तीन वर्षमै यति ठूलो जीत हासिल गर्नु रास्वपाको ठूलो सफलता हो । यस निम्ति जनमानसमा पार्टीले बनाएको छवि र पार्टीमा नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाहको प्रवेशलाई विशेषरूपमा हेर्ने गरिएको पाइन्छ ।

अब मुलुकमा वर्षौंदेखि थिग्रिँदै आएको राजनीतिक बेथिति र विसङ्गतिको पर्खाल भत्काउँदै बलियो सरकार गठन भएको छ । नयाँ सरकारले कसरी काम गर्दछ र जनचाहनालाई केकति सम्बोधन गर्न सक्दछ त्यो त हेर्न बाँकी छ ।

तथापि राजनीतिक स्थायित्वको सङ्केत भने पक्कै गरेको छ । पहिलो कुरा त वर्तमान संविधानअनुसार कुनै पनि पार्टीले एकमना सरकार गठन सक्दैन भन्ने आम बुझाइ थियो तर, वर्तमान जनमतले त्यसलाई मिथ्या साबितमात्र गराएन जनताको मन र मत जित्न सके यही संविधानबाटै झण्डै दुई तिहाइको सरकार गठन हुन सक्दो रहेछ भन्ने पुष्टिसमेत गरेको छ ।

दोस्रो कुरा वर्तमान जनमतले जनता अब क्षेत्रीय र जातीयता जस्ता सङ्कीर्ण राजनीतिको घेरामा बस्न चाहँदा रहेनछन् भन्ने सन्देशसमेत प्रवाह भएको छ, जसको जस रास्वपा खासगरी प्रधानमन्त्री बालेन्द्र शाहले पाएका छन् । उनी मधेशका भूमिपुत्र हुन् भने काठमाडौंको नेवारी संस्कृतिमा जन्मे/हुर्केर राष्ट्रवादलाई शिरमा राखेर हिँडेका मानिस । प्रधानमन्त्री नियुक्त भएपछि उनी शपथग्रहण समारोहमा जसरी प्रस्तुत भएका थिए र त्यतिबेला जेजस्तो झाँकी प्रस्तुत भएका थिए, तिनले पृथिवीनारायण शाहको राष्ट्रवादलाई एकपटक जुरुक्कै उठाएको अनुभव गर्न थालिएको छ ।

यद्यपि मुलुकमा धर्मनिरपेक्षता छ । संविधानतः मुलुक धर्मनिरपेक्ष राष्ट्र हो तर, समाजमा सबैले निर्वाधरूपमा आ-आफ्नो धर्मसंस्कृति र संस्कार अपनाउन पाउँछन् । नेपाल बहुजाति तथा बहुधार्मिक राष्ट्र हो, जुन पृथ्वीनारायण शाहले गरेका राष्ट्रनिर्माणसँगै नेपालको गहना बनेर रहँदै आएका छन् । वर्तमान सरकारको गठन र शपथ ग्रहण समारोहमा भएका शङ्खनाद र वैदिक स्वस्तिवाचन तथा अष्टमङ्गल पाठले त्यसैलाई थप बलियो बनाएको छ अनुभव गर्न सकिन्छ ।

शपथ ग्रहणको महिना, तिथि तथा समयले पनि सनातन मर्यादाअनुसार स्थायित्वको सङ्केत गरेको देखिन्छ । महिनामा चैत आफैंमा पूर्ण महिना हो । वर्षको १२ महिनामा बाह्रौं महिनामा चैत नै पर्दछ । नवमी तिथिले पनि पूर्णताकै सङ्केत गरेको छ । किनभने एकल अङ्कमा नौ नै पूर्ण अङ्क हो । नौ अधिका अङ्कले अर्को अङ्कको अपेक्षा राखेको हुन्छ भने नौपछिको अङ्कलाई पूर्ण हुन अर्को अङ्क वा शून्यको आवश्यकता पर्दछ ।

चैत आफैंमा पूर्ण महिना हो । शपथको महिना, तिथि तथा समयले पनि स्थायित्वको सङ्केत गरेको देखिन्छ । नवमी तिथिले पनि पूर्णताकै सङ्केत गरेको छ । किनभने एकल अङ्कमा नौ नै पूर्ण अङ्क हो ।

पहाडा गणनामा जोडफल नौ नै आउने अङ्क पनि नौ नै हो । नौबाहेक अन्य अङ्कमा यस्तो सम्भव हुन्न तर नौमा भने त्यस्तो चमत्कार पनि सम्भव भएको हुन्छ । जस्तो नौ एकान नौ नै भयो । नौ दुना १८ हुन्छ । यो भनेको पनि अन्ततः नौ नै हो । १+८=१८ । त्यस्तै नौ तियाँ २७ हुन्छ । यसको पनि जोडफल नौ नै आउँछ । २+७=२७ । एवंरीतले नौ दशाङ नब्बेसम्म यही नियमले काम गरेको हुन्छ । हो, दशाङमा शून्यसमेत जोडिएर आएको हुन्छ तर शून्य भनेको शून्य नै हो । ऊ एक्लै अफैंमा केही पनि होइन ।

संयोग नै मान्नुपर्छ शपथग्रहणको साइतको अङ्क पनि शिलशीलाबद्ध भएर आएको छ । जस्तो प्रधानमन्त्री बालेनले १२ बजेर ३४ मिनेटको साइतमा शप थ लिएका छन्, जहाँ एकदेखि चारसम्मको अङ्क शिलशीलाबद्ध भएर आएका छन् । त्यस्तै नौपछि लगत्तै आउने अङ्क १० हो, जसले जोर अङ्क भएर पनि शिलशीलालाई टुट्न दिएको छैन । नौ एकल अङ्कपछि शिलशीलाबद्ध भएर आउने जोर अङ्कमा १० पर्दछ । यसले पनि स्थायित्वको शिलशीलालाई सङ्केत गरेको अनुभूत गर्न सकिन्छ ।

जेहोस् मुलुकले लामो प्रतीक्षा, त्याग, सङ्घर्ष र बलिदानपछि बलियो सरकार पाएको छ । मुलुकले प्रजातन्त्र स्थापनाको करिब ३५ वर्षपछि यति बलियो सरकार पाएको यही नै पहिलो पटक हो । जनताले अब पाँच वर्षम्म ढुक्क भएर मुलुक र जनताको हितमा काम गर्ने जिम्मा नयाँ सरकारको काँधमा दिएका छन् ।

अब बल सरकारको कोर्टमा गएको छ । त्यसैले अब सरकारले ढुक्क भएर पाँच वर्ष काम गर्नु पनि पर्छ र गर्न पाउनु पनि पर्छ । यो र त्यो निहुँ झिकेर टाङ अड्याउने छुट कसैलाई पनि छैन र दिनु पनि हुँदैन । अन्त्यमा नवनिर्वाचित सरकारलाई बधाई तथा शुभकामना ।

अपाङ्गता अधिकार कार्यान्वयनमा अझै चुनौती



काँक्रेविहार संवाददाता
सुर्खेत, १४ चैत

अपाङ्गता भएका व्यक्तिहरूका मागहरू अझै प्रभावकारी रूपमा सम्बोधन हुन नसकेको सरोकारवालाहरूले बताएका छन् । राज्यका नीति तथा कार्यशैली अपाङ्गतामैत्री बन्न नसकेको भन्दै यस क्षेत्रमा काम गर्दै आएका कृष्ण जिसीले चिन्ता व्यक्त गरे ।

नेपालको संविधानले अपाङ्गताको आधारमा भेदभाव गर्न नपाइने र राज्यका सबै संरचनामा सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर रहेको उनको भनाइ छ । अपाङ्गता अधिकारका लागि पैरवी गर्दै आएकी संगीता बरालका अनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा, सार्वजनिक संरचना, सेवा प्रणाली, यातायात तथा सञ्चार सेवामा पहुँच सुनिश्चित गर्न बाध्यकारी नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

त्यस्तै, यस क्षेत्रमा सक्रिय प्रथमा श्रेष्ठले कानुन तथा ऐनहरू बने पनि तिनको पूर्ण कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्तिहरू अझै समस्यामा रहेको बताइन् । उनले सम्मानजनक जीवनयापन, सक्रिय सहभागिता र राज्यका सेवासुविधामा सहज पहुँच अझै सुनिश्चित हुन नसकेको उल्लेख गरिन् ।

कर्णाली प्रदेशका अधिकांश सरकारी कार्यालयहरू अझै अपाङ्गतामैत्री बन्न नसकेको उत्तम विकले बताए । उनका अनुसार पुराना मात्र होइन, नयाँ निर्माण गरिएका भवनहरू समेत अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिहरू सेवाबाट वञ्चित भइरहेका छन् । यस्तै समस्यालाई मध्यनजर गर्दै वीरेन्द्रनगरमा नेतृत्व तथा संस्थागत क्षमता अभिवृद्धि कार्यशाला आयोजना गरिएको छ ।

वीएसओ नेपालको आयोजनामा तथा एक्टिभ परियोजनाअन्तर्गत राष्ट्रिय अपाङ्ग महासंघको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो । कर्णालीका आठ जिल्लाबाट अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेशका अध्यक्ष नन्दराज धिताल मुख्य प्रशिक्षक तथा महासंघका म्यानेजर आनन्दबहादुर बिष्ट सहायक प्रशिक्षकका रूपमा रहेका थिए । सहभागीहरूले सरकारी निकायबाट काम गर्न अझै असहज रहेको गुनासो गर्दै नीति तथा भौतिक पूर्वाधारको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् ।

दुर्गम बाजुराका गाउँ अझै विकासको पर्खाइमा



काँक्रेविहार संवाददाता
बाजुरा, १४ चैत

मानव विकास सूचकाङ्कका आधारमा देशकै पछिल्लो स्थानमा पर्ने बाजुरामा अझै आधारभूत सेवा र पूर्वाधारको अभाव कायमै रहेको छ । जिल्लाका अधिकांश गाउँबस्तीमा स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र पुलजस्ता अत्यावश्यक सुविधा नपुगेका कारण स्थानीयवासी कष्टकर जीवन बिताउन बाध्य छन् ।

२०७५ सालपछि स्थानीय तह गठनसँगै केही क्षेत्रमा आंशिक सुधार देखिए पनि दुर्गम बस्तीहरू अझै विकासको पहुँचबाट टाढै छन् । भौगोलिक रूपमा अत्यन्त विकट यी बस्तीमा स्वास्थ्य सेवा, शिक्षा, विद्युत् र सडकको पहुँच नहुँदा नागरिकहरू आधारभूत सेवाबाट वञ्चित भइरहेका छन् ।

यस्तै समस्या झेलिरहेको क्षेत्रमध्ये हिमाली गाउँपालिका पनि एक हो, जुन देशकै दुर्गम र पछाडि परेको पालिकामध्ये पर्छ । जिल्लाको करिब ४३ प्रतिशत भूभाग ओगटेको यस पालिकाका बस्तीहरू छरिएका छन् र एक गाउँबाट अर्को गाउँ पुग्नै दिनौं पैदल हिँड्नुपर्ने अवस्था छ । स्थानीय सरकार गठनअघि यहाँको स्वास्थ्य सेवा जडीबुटी र धामीझाँक्रीमा सीमित थियो । हाल गाउँ गाउँमा स्वास्थ्य संस्था विस्तार गरिए पनि सेवा अझै प्रभावकारी बन्न नसकेको स्थानीय बताउछन् । हिमाली गाउँपालिका स्वास्थ्य शाखा प्रमुख राजबहादुर भण्डारीका अनुसार पहिले दुई वटा मात्र स्वास्थ्य चौकी रहेकामा अहिले १३ वटा स्वास्थ्य संस्था सञ्चालनमा ल्याइएका छन् ।

यद्यपि, दुर्गम भौगोलिक अवस्थाका कारण अझै पनि सेवा प्रवाहमा समस्या देखिएको छ । समयमै स्वास्थ्य संस्थामा पुग्न नसक्दा केही महिलाले बाटोमै सुत्केरी हुनुपर्ने अवस्था रहेको छ । कतिपय अवस्थामा शिशुको ज्यानसमेत गुमेको छ । ग्रामीण सडक विस्तार भए पनि सबै बस्तीमा सडक नपुगेकाले यातायात पहुँच अझै सीमित छ ।

एम्बुलेन्स सेवा पनि सबै ठाउँमा पुग्न नसक्दा आपतकालीन अवस्थाका बिरामीले ठूलो जोखिम बेहोर्नु परेको छ । स्थानीय सरकारका प्रयास सकारात्मक भए पनि स्रोत-साधनको अभावले अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । दुर्गम क्षेत्रको समग्र विकासका लागि सडक, सञ्चार, स्वास्थ्य सेवा, जनशक्ति र एम्बुलेन्सको पहुँच विस्तार अपरिहार्य रहेको सरोकारवालाहरू बताउँछन् ।

हिमाली गाउँपालिकाले केन्द्र सरकारसँग पटक-पटक माग राख्दै आए पनि आवश्यक सहयोग प्राप्त हुन नसकेको गुनासो छ । बाजुराका बुढीगङ्गा, त्रिवेणी, खप्तड, छेडेदह र बडीमालिका जस्ता क्षेत्र अझै विकासको प्रतीक्षामा रहेका छन् ।

छाडा चौपायाको व्यवस्थापन

काँक्रेविहार संवाददाता
कैलाली, १४ चैत

धनगढी उपमहानगरपालिकाले नगर क्षेत्रका सार्वजनिक रूपमा छोडिएका चौपायाहरूलाई संकलन गरी गौशालामा राख्ने अभियानलाई निरन्तरता दिएको छ ।

नगर प्रहरीको सहयोग र सहजीकरणमा बजार क्षेत्रमा छाडिएका चौपायाहरूलाई व्यवस्थित रूपमा गौशालामा पुऱ्याइँदै आएको छ । उपमहानगरका अनुसार २०७९ साल साउन ५ गते पहिलो पटक ८६ वटा चौपाया गौशालामा राखिएको थियो ।

त्यसयता हालसम्म २५ पटक सार्वजनिक चौपायालाई संकलन गरी गौशालामा व्यवस्थापन गरिएको छ । तथ्यांकअनुसार २०७९ सालमा १४ पटक, २०८० मा चार पटक, २०८१ मा तीन पटक र २०८२ मा पाँच पटक चौपायाहरू संकलन गरेर गौशालामा राखिएको उपमहानगरपालिकाले जनाएको छ । सडक तथा बजार क्षेत्रमा छोडिएका चौपायाका कारण हुने दुर्घटना र अव्यवस्था नियन्त्रण गर्ने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो । गौशालामा राखिएका चौपायाहरूको उचित स्याहार-सुसारको व्यवस्थासमेत गरिएको जनाइएको छ । उपमहानगरले आगामी दिनमा पनि यस्तो अभियानलाई थप प्रभावकारी बनाउँदै लैजाने योजना रहेको जनाएको छ ।

१२ घण्टा पैदल हिँडेर नुन लिन बाध्य हुम्लाका नागरिक

काँक्रेविहार संवाददाता
हुम्ला, १४ चैत

साल्ट ट्रेडिङ कर्पोरेसनको ढुवानी अनुदानमा उपलब्ध आयोडिनयुक्त नुन लिन चंखेली गाउँपालिका-५ का नेक्पावासीले १२ घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्था अझै कायमै छ । सडक सञ्जालसँग नजोडिएको यस वडाबाट गाउँपालिका केन्द्र पिप्लाङ पुग्नै दिनभर लाग्ने गरेको छ । स्थानीय जङ्ग तामाङका अनुसार नुन लिन जाँदा करिब छ घण्टा र फर्किँदा पनि उस्तै समय लाग्छ ।

गाउँपालिकाबाट नुन आएको सूचना पाएपछि स्थानीयहरू लामो पैदल यात्रा गरेर नुन लिन बाध्य हुन्छन् । यस वर्ष वडाको सिफारिसमा प्रत्येक घरधुरीले ५० केजी नुन पाएका छन् ।

पशुपालन बढी हुने यस क्षेत्रमा अघिल्लो वर्षभन्दा तीन गुणा बढी नुन पाउँदा केही सहज भएको स्थानीयको भनाइ छ । यसअघि पहिलो पटक नागरिकता र वडाको सिफारिसका आधारमा नुन वितरण सुरु गरिएको थियो । वडाध्यक्ष हर्कधन तामाङका अनुसार वडाका करिब ७० घरधुरीले कठिन यात्रापछि पनि सहज रूपमा नुन पाएका छन् ।

पहिले चिनियाँ नुनमा निर्भर स्थानीय अहिले भने मूल्य वृद्धि भएपछि नेपाली नुनतर्फ आकर्षित भएका छन् । चिनियाँ नुन प्रतिकेजी ४० रुपैयाँसम्म पर्ने भएपछि अनुदानको नेपाली नुन (प्रतिकेजी ९ रुपैयाँ) सस्तो विकल्प बनेको छ । यसपटक खच्चडमार्फत जडीबुटी ढुवानी गर्दा फर्किँदा निःशुल्क रूपमा नुन ल्याउन सकिएकाले थप सहज भएको वडाध्यक्ष तामाङले बताए । यसैबीच, साल्ट ट्रेडिङ कर्पोरेसन सिमकोट शाखाले चंखेली गाउँपालिकाका अन्य वडाहरूमा पनि नुन बिक्री गरेको जनाएको छ । विभिन्न वडामा गरी कुल ४७० क्विन्टल नुन वितरण गरिएको छ ।

तर, यस वर्ष निर्धारित कोटा अपुग हुने देखिएपछि जिल्लामा बसेको सर्वपक्षीय बैठकले थप ५०० क्विन्टल नुन माग गर्ने निर्णय गरेको छ, जसले चंखेली र सर्केगार्ड गाउँपालिकाका स्थानीयलाई राहत पुग्ने अपेक्षा गरिएको छ ।

क्यान्सर परामर्श तथा परीक्षण शिविर

काँक्रेविहार संवाददाता
दाङ, १४ चैत

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले विशेषज्ञ सेवा विस्तार गरेसँगै यहाँ सेवा लिने बिरामीको संख्या बढेको छ । दैनिक करिब एक हजार बिरामी उपचारका लागि प्रतिष्ठान पुग्ने गरेका छन् । यसै क्रममा प्रतिष्ठानले शुक्रबार आयोजना गरेको वृहत् क्यान्सर परामर्श तथा परीक्षण शिविरमा करिब तीन सयभन्दा बढीले स्वास्थ्य जाँच गराएका छन् ।

एकदिने शिविरमा मेडिसिनतर्फ २१, गायनोतर्फ १९३ र सर्जरीतर्फ ७२ जनाले सेवा लिएका छन् जसको जानकारी निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा. श्याम लम्सालले दिएका छन् । प्रतिष्ठानले क्यान्सर सेवा सुरु गर्ने पहल गरिरहेको बताउँदै लम्सालले यस्ता शिविरहरूले क्यान्सरका बिरामी पहिचान र उपचारमा सहजता ल्याउने विश्वास व्यक्त गरे । शिविर बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनको प्राविधिक सहयोगमा सञ्चालन गरिएको थियो ।



शिविरमा क्यान्सर अस्पताल र प्रतिष्ठानका विशेषज्ञ चिकित्सक तथा कर्मचारी परिचालन थिए । मेडिकल अंकोलोजिस्ट डा. बिबेक कडेल, ब्रेस्ट सर्जन डा. अनुप भट्टचन, युरोलोजिस्ट डा. बोधराज गौतम र गायनो अंकोलोजिस्ट डा. अस्मिता ओलीले बिरामीलाई सेवा दिएका थिए ।

प्रतिष्ठानमा क्यान्सरसम्बन्धी यो पहिलो ठूलो शिविर हो । पाठेघर, स्तन र योनि सम्बन्धी क्यान्सर परीक्षण गरिएको शिविरमा पाठेघरमा समस्या भएका, स्तनमा गाँठो देखिएका र योनि चिलाउने वा घाउ भएका महिलाहरूले विशेष सेवा पाएका थिए । आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिने प्रा. लम्सालले जानकारी दिए ।

मेयर टी-२० कप उपाधि ज्योति स्पोर्ट्स एकेडेमीलाई

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, १४ चैत

नेपालगञ्जमा सम्पन्न मेयर कप (पुरुष) टी-२० क्रिकेट प्रतियोगिताको उपाधि ज्योति स्पोर्ट्स एकेडेमीले जितेको छ । अत्यन्त प्रतिस्पर्धात्मक फाइनल खेलमा एकेडेमीले नेपालगञ्ज च्याम्प्सलाई ३ रनले पराजित गर्दै उपाधि हात पारेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको ज्योति स्पोर्ट्स एकेडेमीले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १२८ रन बनाएको थियो । टोलीका लागि शुभेन्दु पाण्डेले ३६, अजय साहनीले ३४ तथा अभिनेश शाहले २२ रनको योगदान दिएका थिए । नेपालगञ्ज च्याम्प्सका बलरहरूले सुरुदेखि नै कसिलो प्रदर्शन गर्दै ठूलो स्कोर बनाउन रोकेका थिए ।

१२९ रनको लक्ष्य पछ्याएको नेपालगञ्ज च्याम्प्सले राम्रो सुरुवात गरे पनि नियमित रूपमा विकेट गुमाउँदा जितबाट बाहिरीयो । सम्सुदिन अन्सारीले उत्कृष्ट ७३ रन बनाउँदै टोलीलाई जित नजिक पुऱ्याए पनि अन्ततः टोली २० ओभरमा ८ विकेट गुमाएर १२६ रनमै सीमित रह्यो ।



खेल अन्तिम ओभरसम्म निकै रोमाञ्चक बनेको थियो । तर निर्णायक क्षणमा ज्योति स्पोर्ट्स एकेडेमीका बलरहरूले संयमित प्रदर्शन गर्दै खेल आफ्नो पक्षमा पार्न सफल भए । फाइनलमा उत्कृष्ट प्रदर्शन गरेका ज्योति स्पोर्ट्स एकेडेमीका रविश वर्मा 'प्लेयर अफ द म्याच' घोषित भए ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

जनहितमा जारी सन्देश !

"रासायनिक विषादीका नकारात्मक असरहरूबारे सचेत रहौं,
मानव स्वास्थ्य र वातावरणलाई बचाऔं

१. रासायनिक विषादीको प्रयोगबाट मानव स्वास्थ्यमा तत्कालिन र दीर्घकालीन असर देखा पर्ने हुन्छ ।

मानव स्वास्थ्यमा तत्काल देखीन सक्ने असरहरू

टाउको दुख्नु, रिगंटा लाग्नु, वाकवाकी लाग्नु, छाती दुख्नु, पेट बटारिनु, पखाला लाग्नु, अनिद्रा, छाला फुट्नु वा चिलाउनु, फोका आउनु, आँखा रातो हुनु वा पोल्नु, आँसु बहनु, सिगान बगिरहनु, शरीर झमझमाउनु वा पोल्नु आदि ।

मानव स्वास्थ्यमा देखिने दीर्घकालीन असरहरू

एलर्जी, पक्षघात, प्रजनन् क्षमतामा कमी, बाँझोपन वा नपुंशकता, श्वास प्रश्वास सम्बन्धी दीर्घ रोगहरू, कलेजो सम्बन्धी समस्या, मानसिक असन्तुलन, वशांणुगत परिवर्तन, क्यान्सर, अस्वस्थ बच्चाको जन्म हुने आदि ।

२. **वातावरणमा देखीने नकारात्मक असरहरू**

- उपयोगी मित्रजीव तथा फाइदाजनक जीवहरूको विनाश,
- खाद्य चक्र (Food cycle) प्रणाली र कृषि पारिस्थितिकी प्रणालीमा असन्तुलन,
- माटो, हावा, पानी लगायत बोटविरूवा प्रदुषित बनाउने,
- माटोको उर्वराशक्ति र जैविक विविधताको ह्रास गराउने ।

खाद्य सुरक्षा उन्मुख अगानिक कृषिका अधारहरू तयर गरौं,
विशिष्टीकृत कृषि तथा सहकारी विकासबाट समृद्ध कर्णाली प्रदेश निर्माण गरौं,

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कर्णाली पदेश
वीरेन्द्रनगर, सुर्खेत

न्याउरीगाड पुल निर्माणमा ढिलाई



यो पुल जुम्ला सदरमुकामबाट मुगुको रारातिाल जाने छोटो मार्गमा पर्ने भएकाले यसको महत्व निकै उच्च मानिएको छ।

काँक्रेविहार संवाददाता
जुम्ला, १४ चैत

कनकासुन्दरी गाउँपालिका-१ स्थित न्याउरीगाडमा निर्माणाधीन पक्की पुलको काम अपेक्षाअनुसार अघि बढ्न सकेको छैन। निर्माण कार्य ढिलो हुँदा स्थानीयवासी र त्यस क्षेत्रमा आउने पर्यटक दुवै प्रभावित भएका छन्। २०८१ जेठ १३ गते सम्झौता भएको उक्त पुल २०८३ असार ३० भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

तर अहिले सम्मको प्रगति हेर्दा तोकिएको समयमै काम सकिनेमा शंका उत्पन्न भएको छ। अहिले पुलको दक्षिणतर्फ एउटा मात्र पिल्लर निर्माण गरिएको छ। उत्तरतर्फको पिल्लरको फाउन्डेसन तयार भए पनि थप निर्माण कार्य अघि बढ्न सकेको छैन। करिब तीन वर्ष पुग्न लाग्दा पनि प्रगति सन्तोषजनक नहुँदा आयोजना अलपत्र पर्ने चिन्ता बढेको छ।

यो पुल जुम्ला सदरमुकामबाट मुगुको रारातिाल जाने छोटो मार्गमा पर्ने भएकाले यसको महत्व निकै उच्च मानिएको छ। पुल निर्माण नहुँदा विशेष गरी वर्षायाममा यात्रु तथा पर्यटकले जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ, जसले पर्यटन प्रवर्द्धनमा समेत नकारात्मक असर पारेको स्थानीयको भनाइ छ।

कुल लागत भ्याटसहित सात करोड १८ लाख ५४ हजार रुपैयाँ रहेको यस आयोजनाको ठेक्का पाँच करोड ५४ लाख ८६ हजार रुपैयाँमा गरिएको हो। योजना पूर्वाधार विकास कार्यालय जुम्लामार्फत कार्यान्वयन भइरहेको छ। कार्यालयका सिनियर डिभिजनल अधिकृत रूपक रावलले निर्माण कार्य ढिलो भएको स्वीकार गर्दै जाडो मौसमका कारण काम प्रभावित भएको जानकारी दिए ।

उनका अनुसार निरन्तर काम अघि बढेमा आगामी वर्षसम्म पुल सम्पन्न हुन सक्ने भए पनि निर्धारित समयमै काम सकिने सम्भावना कम देखिएको छ। पुल निर्माणको जिम्मा काठमाडौंस्थित एमएस, एनसी एमएन एसजेएनएस जेभीलाई दिइएको छ भने स्थानीय निर्माण व्यवसायी तुल्सी रावतले कार्य सम्हाल्दै आएका छन्। जाडोयाममा फागुनसम्म हिउँ जम्ने र भदौ-असोजमा नदीमा पानीको बहाव बढ्ने भएकाले निर्माण कार्य प्रभावित भएको जनाइएको छ।

पहिलोपटक सफल ‘कृत्रिम घुँडा प्रत्यारोपण

काँक्रेविहार संवाददाता
सुर्खेत, १४ चैत

प्रदेश अस्पताल सुर्खेतले जटिल मानिने ‘कृत्रिम घुँडा प्रत्यारोपण’ शल्यक्रिया सफलतापूर्वक सम्पन्न गर्दै कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्रमा नयाँ इतिहास रचेको छ । अस्पतालका चिकित्सकहरूको टोलीले हालसम्म पाँचौं पटकसम्म यस्तो जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिसकेको जनाएको छ।

अस्पतालका हाडजोर्नी विशेषज्ञ पदम गिरीका अनुसार कर्णालीमै पहिलोपटक गरिएको यो सेवा अब नियमित रूपमा सञ्चालनमा ल्याइएको छ। “लामो समयदेखि घुँडा खिइएर हिँडडुल गर्न नसक्ने बिरामीहरूका लागि यो उपचार निकै प्रभावकारी बनेको छ,” उनले भने। यस शल्यक्रियामार्फत घुँडाको जोर्नी पूर्ण रूपमा बिग्रिएका बिरामीमा कृत्रिम जोर्नी राखी पुनः हिँडडुल गर्न सक्षम बनाइन्छ। यसअघि यस्ता जटिल उपचारका लागि बिरामीहरूलाई काठमाडौं वा भारतका विभिन्न शहर धाउनुपर्ने बाध्यता थियो। अब भने आफ्नै प्रदेशमै सुलभ र सहज रूपमा सेवा उपलब्ध हुन थालेपछि बिरामीहरूलाई ठूलो राहत पुगेको छ।

अस्पतालका अनुसार अत्याधुनिक उपकरण र दक्ष जनशक्तिको प्रयोगबाट गरिएको शल्यक्रियाले राम्रो परिणाम दिएको छ। साथै, कम्मरको जोर्नी खिइएका बिरामीहरूको पनि सफल उपचार भइरहेको छ। शल्यक्रियापछि धेरै बिरामीहरू सामान्य जीवनमा फर्किन थालेका छन्। अस्पताल प्रशासनले दक्ष जनशक्ति र आवश्यक उपकरणको व्यवस्थापन दीर्घकालीन रूपमा कायम राख्न सके अझै जटिल हाडजोर्नीसम्बन्धी उपचारहरू यहीं सम्भव हुने विश्वास व्यक्त गरेको छ। अब हाडजोर्नीसम्बन्धी समस्याले लामो समयदेखि कष्ट भोगिरहेका नागरिकहरूलाई आफ्नै प्रदेशमै उपचार पाउने आशा बढेको छ।

पूर्व...

दिए। बैठकले पक्राउ गरिएको घटनाको निन्दा गर्दै पक्राउ लोकतन्त्र र कानुनी शासनको विपरीत भएको निष्कर्ष निकालेको छ।

साथै बैठकले उक्त घटनाको कानुनी तथा राजनीतिक रूपमा सशक्त प्रतिवाद गर्ने निर्णय गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। जसअनुसार प्रत्येक जिल्लाको सदरमुकामका साथै जिल्ला पार्टी कमिटीको आयोजनामा व्यापक प्रदर्शनसहित प्रमुख जिल्ला अधिकारीलाई विरोध पत्र बुझाउने लगाएतका पाँच निर्णय भएको महासचिव पोखरेलले बताए।

हाल ओलीलाई स्वास्थ्य परीक्षणका क्रममा समस्या देखिएको भन्दै टिचिङ अस्पतालमा राखिएको छ। भने लेखकलाई २ नं गण महाराजगञ्जमा राखिएको छ।

युवा संघ र नेविसंघको चेतावनी

नेकपा (एमाले) निकट राष्ट्रिय युवा संघ नेपाल र नेपाली कांग्रेस निटक नेपाल विद्यार्थी संघ (नेविसंघ) ले एमाले अध्यक्ष ओली र पूर्वगृहमन्त्री लेखकको पक्राउप्रति कडा आपत्ति जनाउँदै सरकारलाई निर्णय फिर्ता लिन दुबै संघले कडा चेतावनी दिएका छन्। राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष महाराज गुरुङले शनिबार जारी गरेको प्रेस वक्तव्यमा नवनियुक्त मन्त्रिपरिषद्को पहिलो बैठकले गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने नाममा गरिएको पक्राउलाई ‘राजनीतिक प्रतिशोध’ र ‘पूर्वाग्रह’को पराकाष्ठा भएको टिप्पणी गरेका छन्। संघले उक्त आयोग सुरुदेखि नै निष्पक्ष नरहेको आरोप लगाउँदै प्रतिवेदन सत्य खोज्नेभन्दा प्रतिशोधलाई वैधानिकता दिने दस्ताबेजका रूपमा प्रस्तुत गरिएको दाबी गरेको छ। वक्तव्यमा कानुनी रूपमा पुष्टि हुन नसक्ने आधारमा सरकार गठन भएको २४ घण्टा नबित्दै गरिएको यस्तो कदम विधिको शासनमाथिको प्रहार भएको उल्लेख छ।

लोकतान्त्रिक आन्दोलनमा योगदान दिएका नेताहरूमाथि गरिएको व्यवहारको भर्त्सना गर्दै संघले ओली र लेखकलाई निःशर्त रिहा गर्न तथा कार्की आयोगको प्रतिवेदन तत्काल खारेज गर्न माग गरेको छ। अन्यथा देशव्यापी सशक्त प्रतिरोधका कार्यक्रम सञ्चालन गर्ने चेतावनी पनि दिइएको छ।

यसैबीच, नेपाल विद्यार्थी संघ (नेविसंघ) ले पनि उक्त पक्राउको विरोध गर्दै कडा प्रतिवाद गर्ने चेतावनी दिएको छ। संघले शनिबार जारी गरेको विज्ञप्तिमा बालेन्द्र शाह नेतृत्वको सरकारको कदमलाई लोकरञ्जनवाद र राजनीतिक प्रतिशोधको पराकाष्ठा भनेको छ। नेविसंघका अनुसार जेनजी आन्दोलनका क्रममा भएका घटनाको छानबिन गर्न गठित कार्की आयोगको प्रतिवेदन अपूर्ण र पूर्वाग्रही रहेको छ। आयोगले पूर्वनिर्धारित धारणा अनुसार प्रतिवेदन तयार पारेको आरोप लगाउँदै संघले नैतिक वा राजनीतिक जिम्मेवारी र फौजदारी दायित्वलाई एउटै आधारमा पक्राउ गर्नु विधिको शासन विपरीत भएको स्पष्ट पारेको छ। विज्ञप्तिमा मुलुकी अपराध संहिताका दफा १८१ र १८२ अन्तर्गत अनुसन्धान गर्ने नाममा प्रत्यक्ष कार्यकारण सम्बन्धबिना पक्राउ गरिनु फौजदारी कानुनको मूल सिद्धान्तविपरीत रहेको उल्लेख गरिएको छ। साथै, दफा ९ (६) को दुरुपयोग भएको आरोप लगाउँदै आन्दोलनका क्रममा भएका आगजनी, तोडफोड र लुटपाटमा संलग्नहरूलाई कारबाही किन नभएको भन्ने प्रश्न उठाइएको छ। नेविसंघका प्रवक्ता सुरज सेजुवालले मन्त्रिपरिषद्को निर्णय स्वेच्छाचारी भएको दाबी गर्दै तत्काल निर्णय फिर्ता नलिए कडा आन्दोलनमा उत्रने चेतावनी दिएका छन्। संघले एकपक्षीय रूपमा नेताहरूलाई निशाना बनाउनु न्याय नभई दण्डहीनतालाई संस्थागत गर्ने कार्य भएको निष्कर्ष निकालेको छ।

पक्राउ...

न्यौपानेले पठाएको पत्रका आधारमा शुक्रबार राती नै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागलाई तोक लगाएका थिए।

आईजी कार्कीको तोकमा भनिएको छ, ‘अपराध अनुसन्धान विभाग, आवश्यक कार्यार्थ पठाइएको छ। तदनुसार मातहत पठाउनु।’ त्यसपछि प्रहरीको अपराध अनुसन्धान विभागले काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा पत्र पठाएको देखिन्छ। त्यो पत्रको बोधार्थ काठमाडौं र भक्तपुरको जिल्ला प्रहरी परिसरमा पठाइएको थियो।

पत्र पाइसकेपछि जिल्ला प्रहरी परिसर, काठमाडौंले पक्राउ पुर्जी तयार गरेको थियो। शनिबार बिहानको मिति अर्थात १४ चैत, २०८२ को पक्राउ पुर्जीमा पूर्वप्रधानमन्त्री ओलीलाई ज्यान सम्बन्धी कसूर समेतको मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नुपरेको उल्लेख छ।

परिसरका डिएसपी राजु अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को अनुसूची ९ बमोजिमको जरुरी पक्राउ पुर्जी दिएका हुन्। संहिताको दफा ९(६)मा कुनै व्यक्ति पक्राउ नभएमा वा भाग्ने, उम्कने अनि प्रमाण, दसी वा सबूद नष्ट गर्ने कारण भएमा तत्कालै जरुरी पूर्जी जारी गरी पक्राउ गर्न सकिने उल्लेख छ। तर, पक्राउ गरेपछि सक्दो छिटो मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछ।

पूर्वप्रधानमन्त्री ओलीले पक्राउ पुर्जी बुझ्दै एक प्रति बुझी लिए भनेर बिहान ६ बजेर १० मिनेटको समयमा हस्ताक्षर गरेका हुन्। त्यसपछि ओलीलाई उनकै गाडीमा प्रहरी नियन्त्रणमा जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइएको थियो।

बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्त्वपूर्ण सूचना

√ आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रूपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ।

√ आयुर्वेद औषधिको **Expiry** मिति हेरेर मात्र प्रयोग गरौं।

√ आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं।

√ झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरूबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं।

√ आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरूको व्यवस्थापन गर्न सकिन्छ। यसको लागि अनिवार्य रूपमा आयुर्वेद स्वास्थ्य स स्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं।

√ आयुर्वेद उपचार एवं परामर्श लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस्।

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेत
थप जानकारीका लागि : ०८३-५२०९३५



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)